"समृद्ध नगर, आत्मनिर्भर नगरबासी, स्वच्छ नगर सुखी नगरबासी"

## आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

## नारायण नगरपालिका

दैलेख

**“समृद्ध नगर, आत्मनिर्भर नगरबासी, स्वच्छ नगर सुखी नगरबासी”**

**नारायण नगरपालिकाको**

**नगर सभामा**

**नगर प्रमुख श्री लोमन शर्माज्यूद्धारा प्रस्तुत**

# आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

**नगर सभाका सदस्यज्यूहरू,**

आजको यस गरिमामय यस ऐतिहासिक तथा गरिमामय **अठारौं नगरसभामा न्यानो** स्वागत तथा अभिवादन!

प्रारम्भमा म नेपाल र नेपालीको आत्मसम्मान, स्वतन्त्रता र समृद्धिका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँहरूको त्यागले स्थापित गरेको संघीय लोकतान्त्रिक गणतन्त्र र स्थानीय स्वायत्तताको जगमा उभिएर नै आज हामी नगरवासीको हितका लागि नविनतम सङ्कल्प गर्ने ठाउँमा आइपुगेका छौं।

स्थानीय सरकारहरुको यस दोस्रो कार्यकालको उत्तरार्धमा उभिएर समीक्षा गर्दा हामी नागरिकप्रतिको आफ्नो जिम्मेवारी र जवाफदेहिताप्रति हरपल सजग छौं। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नागरिकका अपेक्षाहरू बढ्नु स्वाभाविक हो। पछिल्लो समयमा देखिएको नवयुवा (जेनजी) पुस्ताको नयाँ परिवेशले युवा पुस्ताको नयाँ विचार, आधुनिक आवश्यकता र परिवर्तनको चाहनालाई सम्बोधन गर्नुपर्ने बलियो सन्देश दिएको छ।

विकेन्द्रित शासनको उत्कृष्ट प्रणालीको रूपमा रहेको संघीयताको मर्म बमोजिम नागरिक निकटको स्थानीय सरकारको सक्षमताबाट मात्रै नागरिक आकांक्षा सम्बोधन हुने र नागरिक संलग्नताको सार्थकता कायम हुने विषय निर्विवाद छ, युवापुस्ता तथा आम नागरिकसँगै सरकार रहेको अनुभूत गराउने गरी नारायण नगरपालिका प्रतिवद्ध छ।

**नगरसभा सदस्यज्यूहरू**

स्थानिय स्रोत साधनको स्वभाविक सीमा, आन्तरिक राजस्व सङ्कलनका चुनौती र देशव्यापी वित्तीय सङ्कुचनका बीच पनि नगरको विकासको गतिलाई हामी रोकिन दिने छैनौं। नागरिकका असीमित आकांक्षा र उपलब्ध सीमित स्रोतका बीच व्यावहारिक सन्तुलन मिलाउँदै, योजनाहरूको गुणस्तरीय कार्यान्वयन र प्रतिफलको समन्यायिक वितरण मार्फत नारायण नगरलाई प्रादेशिक एवं राष्ट्रिय समृद्धिको एउटा सफल संवाहक बनाउन हामी निरन्तर लागिरहने छौं।

हाम्रा यिनै जनमुखी प्रयासहरूको जगमा आज स्थानीय तहहरू शक्तिशाली, अधिकारसम्पन्न र संविधानको परिधिभित्र स्वायत्त भएका छन्। यसले जनताको स्वशासनलाई व्यावहारिक रूपमा प्रारम्भ गरेको छ। नगरमा सामाजिक, आर्थिक र दिगो विकासका नयाँ आयामहरू सुरु भएका छन्। आज सबै स्थानीय तहहरू सामाजिक न्याय, समुन्नति र जगैदेखिको लोकतन्त्रका जीवन्त नमुना बन्ने दिशामा अग्रसर छन्।

**सभाका सदस्यज्यूहरु,**

विगतका यी सफल जग र अनुभवहरूका आधारमा अब म आगामी आर्थिक वर्ष २०८३/८४ को विषयगत नीति तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्दछु।

**"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा र कर्णाली प्रदेश सरकारको **"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"** को दीर्घकालीन सोचलाई नारायण नगरबासीको हीत र समृद्धिलाई सम्बोधन तथा मूर्त रूप दिन हामी दृढ सङ्कल्पित छौं। नगरपालिकाले सङ्घ र प्रदेशका बृहत्तर लक्ष्यहरूसँग तादात्म्यता मिलाउँदै **"समृद्ध नगर आत्मनिर्भर नगरवासी, स्वच्छ नगर सुखी नगरवासी"** को मार्गचित्र पूरा गर्ने गरी नीति तथा कार्यक्रम पेश गरेको छु।

**नगर पूर्वाधार विकास**

१. नगरपालिकाको नगर यातायात गुरुयोजना (MTMP) लाई अद्यावधिक गरी सडकहरु निर्माण गर्दा नगर यातायात गुरुयोजनामा रहेको प्राथमिकताको आधारमा सडक निर्माण गरिनेछ । ६ मिटरभन्दा कम चौडाई भएका सडक निर्माणलाई निरुत्साहित गर्दै सडकसँगसँगै पानीको निकासका लागि नाला तथा कजवे व्यवस्थित गरिनेछ । नगरपालिका क्षेत्रभित्र सडक निर्माण गर्दा स्वीकृत सडक मापदण्डलाई कडाइका साथ पालना गराइनेछ।

२. समग्र नगर क्षेत्रभित्रको फोहोरमैलाको उचित व्यवस्थापनका लागि निर्माणाधिन रहेको ल्याण्डफिल साइट सम्मको सडक स्तरउन्नति गर्दे ल्याण्डफिल साइटको बांकि कार्यहरु सम्पन्न गर्नका लागी प्रदेश तथा संघीय सरकारसंग आवश्यक पहल गरिनेछ ।विकास निर्माणमा जनसहभागिता तथा अपनत्व अभिवृद्धि गर्न विकास निर्माणका कार्यहरूमा पारदर्शीता र जवाफदेहीताका उपायहरूलाई प्रभावकारी रूपमा संचालन गरिनेछ। निर्माण हुन लागेका आयोजनाहरूको सूचना पार्टी राख्ने अनिवार्य व्यवस्था गरिनेछ।

३. पूर्वाधार निर्माणमा गुणस्तर अभिवृद्धि गर्न कर्मचारी तथा निर्माण व्यवसायीहरूको क्षमता अभिवृद्धि र गुणस्तर आश्वस्तता योजना (QAP) तयार गरी गुणस्तर सुनिश्चित गरिनेछ। यसका लागि आवश्यक ल्याब, परीक्षण उपकरणहरू र प्राविधिक जनशक्तिलाई तालिम प्रदान गर्ने कार्य यसै आर्थिक वर्षभित्र व्यवस्था गरिनेछ।

४. योजना कार्यान्वयन पूर्व नै प्रचलित कानून बमोजिम आवश्यक पर्ने वातावरणीय अध्ययन, साइट क्लियरेन्स सम्पन्न गरी ठेक्का व्यवस्थापन गरिनेछ। लामो समय देखि रूग्ण रहेका निर्माण आयोजनाहरू फरफारक गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

५. राष्ट्रिय भवन संहिता बमोजिम सुरक्षित भौतिक संरचना निर्माणको व्यवस्था कडाइका साथ लागू गरिनेछ, साथै, भौतिक पूर्वाधार तर्फ सरकारको लगानीमा निर्माण हुने भवन अनिवार्य नक्सापास गर्ने व्यवस्था मिलाइनेछ।

६. नगरपालिका भित्र निर्मित सार्वजनिक संरचनाहरूको पहुँचयोग्यता परीक्षण (Accessibility Audit) गरी अपाङ्गतामैत्री, ज्येष्ठनागरिक तथा अशक्त नागरिकहरूको सहज पहुँच स्थापित गर्न आवश्यक पूर्वाधार सुधार गरिनेछ। नयाँ निर्माण हुने सार्वजनिक तथा निजी पूर्वाधारहरू निर्माण गर्दा भूकम्प प्रतिरोधी, बालमैत्री र अपाङ्गतामैत्री राष्ट्रिय भवन संहिताको मापदण्ड अनिवार्य लागू गरिनेछ।

७. नारायण नगर चक्रपथ, सबै वडा कार्यालय जोड्ने मुख्य पहुँच सडक र मुख्य पर्यटकीय स्थल पुग्ने सडक खण्डहरूको निर्माण एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। सबै वडा केन्द्रहरूमा बाह्रै महिना चल्ने यातायात सञ्जालको सुदृढीकरण गर्न मर्मत संभारलाई प्रभावकारी बनाइनेछ।

८. निर्मित सार्वजनिक पूर्वाधार तथा सडकहरूको नियमित मर्मत संभारका लागि स्थापित मर्मत संभारकोषमा रकम विनियोजन गरी पूर्वाधारहरूको दिगोपना, निरन्तर सुचारू हुने व्यवस्था मिलाइनेछ।

९. विकास योजनाहरूमा स्थानीय रोजगारी प्रवर्द्धन गर्न 'श्रम बैंक' को अवधारणा मार्फत स्वरोजगार र श्रममूलक प्रणालीलाई प्रोत्साहन गरिनेछ। नगरपालिकाद्वारा निर्मित भौतिक पूर्वाधारहरूको दीर्घकालीन उपयोगिताका लागि 'मर्मत सम्भार कोष' को दायरा विस्तार गरी नियमित र आवधिक मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ।

१०. बजेट तथा कार्यक्रम तर्जुमाका सबै चरणहरू रूपमा पूरा गरी नगर परियोजना बैङ्क (Project Bank) तयार गरिनेछ। नगर क्षेत्र भित्रका ठूला आयोजनाहरू, रणनीतिक सडकहरू तथा अन्तर पालिका तथा अन्तरजिल्ला पूर्वाधारहरू विकासका लागि राष्ट्रिय परियोजना बैंकमा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

११. नारायण नगरपालिकालाई स्मार्ट नगरको रूपमा विकास गर्न कर्णाली प्रदेश सरकारले यस नगरपालिकालाई छनौट गरेकोमा धन्यवाद व्यक्त गर्दै पूर्वाधार विकास, प्रविधिमा स्तरोन्नती, विस्तार तथा शहरी पूर्वाधारका मापदण्डहरू निर्माण तथा कार्यान्वयन गरिनेछ।

१२. नगर गौरवका आयोजनाहरू नगर रिङरोड, अत्याधुनिक सभाहल, खेलमैदान निर्माण, ल्याडफिल साईटको पूर्वाधार स्तरोन्नती, ढलनिकास प्रणालीमा सुधार गरी स्मार्ट नगर निर्माणका लागि प्रदेश सरकारसँग साझेदारी गरिनेछ।

१३. **'नगर उज्यालो कार्यक्रम'** मार्फत् सडक बत्तीको भरपर्दो व्यवस्था गरिनेछ, अति विपन्न नागरिकहरूलाई सहज विद्युत पहुँच तथा उपभोग विस्तारका लागि आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ।

**आर्थिक विकासः कृषि, पशुपन्छी तथा सहकारी**

१४. स्थानीय आर्थिक विकास (LED) सम्बन्धी ३ वर्षे कार्ययोजना तर्जुमा गरी नगरपालिकाका प्रतिस्पर्धात्मक लाभ (Competitive Advantage) का क्षेत्रहरू पहिचान गरी आर्थिक विकासका प्राथमिकताप्राप्त क्षेत्रहरूमा संघ, प्रदेश, दातृ निकाय तथा साझेदार संस्थाहरूसँगको सहकार्यमा एकीकृत आर्थिक विकासको आधार तयार गरिनेछ।

१५. कृषि उत्पादनलाई दिगो प्रतिस्पर्धी र बजारमुखी बनाउन एक गाउँ एक उत्पादन, नगदेबाली विकासका लागि बालीविशेष उत्पादन तथा ब्राण्डिङ्ग अभियानहरु संचालन गरिने छ ।

१६. जैबिक बिबिधताको संरक्षण, रुख र बालीको मिश्रण, र आयआर्जन भन्ने मुल नाराका साथ खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्द्धन गर्न नमुना जलवायु स्मार्ट कृषि तथा सामुदायिक वनहरूसँगको सहकार्यमा कृषिवन कार्यक्रम संचालन गरिनेछ।

१७. उन्नत तथा व्यवसायीक पशुपालनको माध्यमबाट नगरमा कृत्रिम गर्भाधान सेवाको विस्तार स्थानीय नश्ल संरक्षण तथा सुधार लगायतका क्रियाकलापको माध्यमबाट मासु तथा दुग्ध जन्य वस्तुहरुमा किसानहरुलाई आत्मनिर्भर बनाउन आफ्नै गोठ तथा आफ्नै स्रोत अभियान संचालन गरिने छ ।

१८. नगरपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण कृषि तालिम, कृषक क्षमता विकास, प्रविधि प्रदर्शन, कृषक भ्रमण तथा अन्य कृषि प्रसार कार्यक्रमहरूको एकीकृत अभिलेख राखिनेछ।

१९. **"स्वस्थ माटो, सुरक्षित तरकारी अभियान"** नगरपालिकाका तरकारी पकेट क्षेत्रहरूमा बिग्रँदो माटोको स्वास्थ्य सुधार्न र विषादीको जोखिम न्यूनीकरण गर्न कृषकहरूकै खेतबारीमा 'जैविक विषादी प्रयोग तथा नविनतम प्रविधि प्रदर्शनी' प्लटहरू स्थापना गरी जैविक खेती प्रविधिको विस्तार गरिनेछ।

२०. कृषकहरूलाई मौसम, बजार मूल्य, बाली रोगव्याधि र प्राविधिक सेवाको जानकारी घरदैलोमै डिजिटल माध्यमबाट उपलब्ध गराउन डिजिटल कृषि प्रविधि (जस्तैः कृषि मोबाइल एप, ई-कृषक परिचयपत्र, र डिजिटल माटो स्वास्थ्य नक्सांकन) को प्रयोगमा जोड दिइनेछ।

२१. नगरपालिकाभित्र लोपोन्मुख अवस्थामा रहेका रैथाने बालीहरू (कोदो, फापर, जौ, कागुनो, रैथाने सिमी आदि) को पहिचान, संरक्षण र क्षेत्र विस्तार गरिनेछ; साथै परम्परागत बीउहरू हराउँदै जानबाट रोक्न कृषि विकास शाखा, कृषक समूह तथा सहकारीहरूको साझेदारीमा 'रैथाने बीउ बैंक' स्थापना गरी रैथाने बीउको उपलब्धता सुनिश्चित गरिनेछ।

२२. नगरमा रैथाने बाली संरक्षण क्षेत्र निर्धारण गरी रैथाने बाली तथा बीउ संरक्षण गर्ने कृषकलाई प्रोत्साहन गर्दै रैथाने बालीमा नगरपलिकालाई आत्मनिर्भर बनाउदै लगिने छ ।

२३. नगरपालिका क्षेत्रमा बाँझो रहेका जमिनहरूलाई सदुपयोग गर्न उत्पादनमूलक कृषि भूमिको पहिचान गरी 'नगर भूमि बैंक' को अवधारणा कार्यान्वयन गरिनेछ, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप उपयोग भूमि बैंक मार्फत् सहकारी तथा सामूहिक खेतीलाई प्रोत्साहन गरिनेछ।

२४. पशुपन्छीमा देखिने संक्रामक तथा महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा निवारणका लागि नियमित खोप कार्यक्रम सञ्चालन गरिनेछ। पशु स्वास्थ्य शिविर, निःशुल्क वा सहुलियत उपचार सेवा, प्रयोगशाला सेवा तथा रोग निगरानी प्रणालीलाई सुदृढ गरिनेछ। रेविज, एफएमडी (खोरेत), पीपीआर, स्वाइन फिभर, बर्ड फ्लु लगायतका रोग नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरिनेछ।

२५. पशुधनको उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान सेवाको पहुँच विस्तार गरिनेछ। उन्नत जातका राँगा, साँढे, बोका तथा बँदेलको प्रयोगलाई प्रोत्साहन गरी स्थानीय पशुधनको नस्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ। गुणस्तरीय प्रजनन सामग्रीको व्यवस्थापन तथा पशु प्रजननसम्बन्धी जनचेतना अभिवृद्धि गरी दूध, मासु तथा अन्य उत्पादनको उत्पादकत्व वृद्धि गरिनेछ।

२६. नगरपालिकाभित्र पशुपन्छी क्षेत्रलाई आयमूलक तथा व्यवसायमुखी बनाउन व्यावसायिक पशुपालन तथा पन्छीपालन फार्म स्थापना, विस्तार र आधुनिकीकरणलाई प्रोत्साहन गरिनेछ। युवा, महिला तथा विपन्न समुदायलाई लक्षित गरी उद्यमशीलता विकास, सीपमूलक तालिम, प्राविधिक सेवा तथा आवश्यक पूर्वाधार निर्माणमा सहयोग प्रदान गरिनेछ। स्थानीय आवश्यकता र सम्भावनाका आधारमा गाई, भैँसी, बाख्रा, बंगुर, कुखुरा तथा अन्य पशुपन्छी पालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ।

२७. पशुपालन व्यवसायको लागत घटाउन तथा उत्पादन वृद्धि गर्न उन्नत घाँस खेती विस्तार, घाँसको नर्सरी स्थापना तथा बहुवर्षीय घाँस प्रवर्द्धन गरिनेछ। कृषकलाई पोषणयुक्त पशु आहार उत्पादन तथा संरक्षण सम्बन्धी तालिम प्रदान गरिनेछ। स्थानीय स्रोत र कच्चा पदार्थको उपयोग गरी पशु दाना उत्पादन तथा व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ।

२८. दूध, मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनको व्यवस्थित संकलन, प्रशोधन र बजारीकरणका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ। वधशालाको पूर्वाधार स्तरोन्नती गरी स्वस्थ मासु आपूर्तिको व्यवस्था मिलाइनेछ।

२९. किसान, सहकारी तथा निजी क्षेत्रबीच समन्वय गरी बजार पहुँच विस्तार गरिनेछ। स्थानीय उत्पादनको ब्रान्डिङ, मूल्य अभिवृद्धि तथा बजार सूचना प्रणालीको विकासमार्फत उत्पादक कृषकको आय वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

**उद्यमशीलता तथा सहकारी प्रवर्द्धनः**

३०. नारायण नगरपालिकामा कार्यक्षेत्र भइ काम गरिरहेका सबै सहकारी संस्थाहरूलाइ सहकारी मूल्य, मान्यता र सिद्दान्तमा रही सदस्य केन्द्रित व्यवसाय गर्न प्रोत्साहन गरिने छ र सहकारीका सदस्यहरूलाइ उत्पादनमा जोडी व्यवसायी उद्यमी बनाउन सहयो गरिने छ ।

३१. सहकारी संस्थाहरूको विद्युतीय सूचना प्रणाली (कोपोमिस)मा आवद्ध नभएका सहकारी संस्थाहरू कोपोमिसमा आवद्ध हुन सहयो गरी उनीहरूको क्षमता विकास गरिने छ र निष्कृय रहेका सहकारी संस्थाहरूलाई खारेजी प्रक्रियामा लगिने छ।

३२. डिजिटल उद्यमशीलता तालिम मार्फत् कृत्रिम बौद्धिकता तथा अनलाईन मार्केटिङ्गको क्षमता अभिवृद्धि गरी मूल्य श्रंखला तथा आपूर्ति श्रंखलामा उद्योगी तथा व्यवसायीलाई आबद्ध गरिनेछ।

३३. नारायण नगरपालिकामा नवप्रवर्तन साझेदारी परियोजना मार्फत आर्थिक विकास र रुपान्तरणका लागि व्यवसायिक उद्यम विकास परियोजनालाइ निरन्तरता दिइ ५०० जना महिला उद्यमीहरूलाई व्यवसायीक बनाइने छ।

३४. लैंगिक हिंसा पिडीत, अपाङ्गता भएका व्यक्तिहरू, विपन्न आदिवासी जनजाती, लघु, घरेलु तथा साना उद्योगहरूलाई प्रवर्द्धन गर्न आवश्यक उद्यमशीलता विकास तालिम तथा सीप विकास तालिमहरू संचालन गरिनेछ।

३५. नगर क्षेत्रभित्र निर्माण भएका हाट बजार, कभर्ड हल, चिस्यान गृह जस्ता भौतिक पूर्वाधारहरूको संचालन तथा व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी तथा सामाजिक संस्थाहरूको सहकार्यमा संचालनका लागि आवश्यक कानूनी व्यवस्था तथा प्रदेश तथा संघ सरकारसँग आवश्यक पहल गरिनेछ।

३६. स्थानीय संभावना भएका उद्योग, व्यवसाय, कृषि उद्यमबाट उत्पादित वस्तुहरूको संकलन, भण्डारण, प्रशोधन र बजारीकरणका पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार संकलन केन्द्र स्थापना तथा चिस्यान केन्द्र संचालन गरिनेछ।

**पर्यटन तथा संस्कृति**

३७. नगर भित्रका सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिनेछ। पालिका भित्रका पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा प्रचारप्रसारमा जोड दिइनेछ। संभावित विश्व सम्पदा सूचीमा रहेको भूर्तिको देवल लगायतका सबै देबलहरूलाई समेट्ने गरी सम्पदा संरक्षित क्षेत्र घोषणा गर्न पुरातत्व विभागसँग सहकार्य गरिनेछ।

३८. महावुधाम, पञ्चकोशी अन्तरगत पर्ने कोटिला मन्दिर, बेलासपूर मन्दिर, कोतगढी, राइली त्रिपानी, स्मारक, स्तम्भहरू लगायतका सम्पदाहरूको प्रचार प्रसार मार्फत् पर्यटन प्रवर्द्धन गर्ने, अभिलेखीकरण गर्ने तथा सम्पदाहरूको ऐतिहासिक महत्व झल्किने गरी सूचना पाटीको व्यवस्था मिलाइनेछ। नारायण नगरपालिका क्षेत्र भित्र रहेका अभौतिक सम्पदा सूचीकरणका लागि सरोकारबालाहरूसँग सहकार्य र साझेदारी गरिनेछ।

३९. आदिवासी, जनजाति पिछडावर्ग आदीको भाषा, लिपि, बाजागाजा, रीतीरिवाज परम्परा, सस्कृति आदिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

४०. नगरपालिका भित्र काँडाचौर स्थित बसपार्क संचालनका लागि स्थानीय जनताहरूलाई सहकारी ढाँचामा जोड्दै यातायात व्यवस्थापनमा सुधार गरिनेछ। बजार क्षेत्रमा देखिएको अव्यवस्थित पार्किङ्ग हटाइनेछ।

**सामाजिक न्याय तथा सामाजिक सुरक्षा**

४१. अपांङ्गता भएका व्यक्तिहरूका लागि, आँखा उपचार शिविर एकल पुरुष तथा ५० वर्षमाथिका अविवाहित महिलाहरूलाई नगरको आन्तरिक स्रोतबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने विशेष मानवीय कार्यको निरन्तरता गरिएको छ।

४२. नगरपालिकामा कार्यरत जोखिमपूर्ण काम गर्ने करार सेवाका कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराई क्रमश सबै कर्मचारीलाई सामाजिक सुरक्षा प्रणालीमा जोडिनेछ।

४३. औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई आगामी आ.व.देखि क्रमशः योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउन आवश्यक कानूनी, नियामकीय तथा प्रवर्द्धनात्मक व्यवस्था गरिनेछ।

४४. अपांगता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको सामुदायिक स्तरमा हेरचाहको व्यवस्था गरी गृहिणी महिलाहरूको कार्यबोझ न्यूनीकरण गर्दै रोजगारी तथा स्वरोजगारीमा जोड्न नगरपालिकास्तर स्याहार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

४५. नारायण नगरपालिकाको आर्थिक साझेदारीमा संचालित नवप्रर्वतन कार्यक्रमका माध्यमबाट समाजमा रहेका विपन्न यूवा महिला तथा किशोरीहरुलाई व्यावसायीक तालिमको माध्यमबाट उनीहरुलाई उत्पादन तथा आयमुलक कार्यक्रममा जोडिनेछ ।

४६. बैंकसम्म पुग्न नसक्ने अशक्त ज्येष्ठ नागरिक र 'क' वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि बैंकहरूसँग समन्वय गरी "घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरण तथा नवीकरण सेवा" सञ्चालन गरिनेछ।

४७. दलित बस्तीहरूमा आवास सुधारका लागि एक घर एक शौचालय कार्यक्रमलाई अभियानको रूपमा संचालन गरी स्वस्थ आनीबानी तथा सुरक्षित बस्ती विकास गरिनेछ।

४८. सुरक्षित नागरिक आवास कार्यक्रम तथा खरमुक्त छानाका लागि सबै वडामा जस्ता पाता वितरण कार्यक्रम मार्फत् नागरिकहरूको सुरक्षित आवासको अधिकार सुनिश्चित गरिनेछ।

४९. सुकुम्बासी, अव्यस्थित बसोबासीहरूको पहिचान गरी वास्तविक भूमिहीनहरूको आवासको अधिकार सुनिश्चित गर्दै सार्वजनिक तथा सरकारी जग्गाहरू उपरको अतिक्रमण हटाउन एकीकृत प्रयास गरिनेछ।

५०. नारायण नगरपालिकामा सामाजिक सरक्षाको सुनिश्चित जालो (Safety Net) का लागि विपद् व्यवस्थापन कोष, लैंगिक हिंसा निवारण कोष, बाल संरक्षण कोष, कर्मचारी कल्याण कोषको व्यवस्था गरी नागरिकहरूको संरक्षणमा निभाइएको अग्रणी नीतिगत व्यवस्थाहरूलाई निरन्तरता दिइनेछ।

**महिला बालबालिका तथा सामाजिक विकास**

५१. जेष्ठ नागरिकसँग नगर प्रमुख कार्यक्रम, निशुल्क एम्बुलेन्स सेवा, जेष्ठ नागरिक मैत्री नगर निर्माणका लागि पूर्वाधार निर्माण तथा सुधार, ज्येष्ठ नागरिकहरूको आरोग्यका लागि योगाभ्यास तथा मिलन केन्द्रको स्थापना तथा संचालन गरीनेछ।

५२. राष्ट्रिय, प्रादेशिक तथा स्थानीय आवश्यकता र प्राथमिकतालाई केन्द्रबिन्दुमा राखी दातृ निकाय, गैरसरकारी संघसंस्थाहरूलाई एकद्वार प्रणालीबाट नगरपालिका भित्र परिचालन गर्ने नीति लिइनेछ।

५३. स्थानीय सरकार संचालन ऐन, वैदेशिक सहायता परिचालन नीति तथा प्रचलित कानूनी प्रक्रिया तथा नगरपालिकाको गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि बमोजिम नगरपालिकाको बजेट तथा कार्यक्रममा समावेश गरी अपनत्व प्रदान तथा लागत साझेदारीमा प्राथमिकता दिइनेछ।

५४. "नीतिगत स्पष्टता र संस्थागत प्रतिबद्धता, लैससास विस्तृत कार्ययोजनामा दृढता" भन्ने मूल मर्म सहित पालिकाको लैससास (GESI) नीतिको पूर्ण कार्यान्वयनका लागि लैससास विस्तृत कार्ययोजना र लैससास परीक्षण (GESI Audit) को कार्ययोजनालाई सघन रूपमा कार्यान्वयनमा ल्याइनेछ।

५५. कार्यक्रमहरूको अनुगमन केवल भौतिक उपस्थितिमा मात्र सिमित नगरी, यसबाट महिला, दलित र सीमान्तकृत समुदायको जीवनस्तरमा परेको वास्तविक परिवर्तन मापन गर्न नतिजामुखी अनुगमन प्रणाली अवलम्बन गरिनेछ र ठूला लक्षित कार्यक्रमहरूको तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ।

५६. लैङ्गिक हिंसा नियन्त्रण जस्तो जनसरोकार र संवेदनशिल विषयलाई प्रभावकारी रूपमा सम्बोधन गर्न नगरपालिकामा स्थापित लैङ्गिक हिंसा निवारण कोषमा आवश्यक रकम थप गरी सो कोषको परिचालनलाई द्रुत र पारदर्शी बनाइनेछ।

५७. हिंसाको प्रतिकार्य, उद्धार र सचेतनाका लागि जिल्लाभित्र क्रियाशिल रहेका सबै सुरक्षा निकाय, कानुनी सङ्घसंस्था र सरोकारवालाहरूलाई लैङ्गिक हिंसा निवारण सञ्जालमा आबद्ध गरिनेछ र यसै सञ्जाल मार्फत जोखिमयुक्त क्षेत्रहरूको प्रभावकारी अनुगमन गरिनेछ।

५८. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षागर्दै महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षागर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन अभियान सञ्चालन गरिनेछ।

५९. नगरपालिकाको वार्षिक बजेट र खर्च प्रणालीलाई समावेशी बनाउन प्रत्येक विषयगत शाखा र वडाका कार्यक्रमहरूमा सुत्र (SuTRA) प्रणाली अनुरूप लैङ्गिक उत्तरदायी बजेट कोडिङ (GRB Coding) गर्ने कार्यलाई अनिवार्य बनाइनेछ, जसले लक्षित वर्गमा पुग्ने वित्तीय प्रतिफलको सुनिश्चितता गर्नेछ।

६०. जिल्लाभरकै लैङ्गिक हिंसा पीडित एवं जोखिममा परेका नागरिकहरूको आपतकालीन आश्रयस्थल (सेफ हाउस) संचालनका लागि नगरपालिकाको साझेदारी र सहकार्य गरिनेछ। एकद्वार सङ्कट व्यवस्थापन केन्द्र तथा अल्पकालीन सेवा केन्द्रको दिगो सञ्चालनका लागि लागत साझेदारी गरिनेछ।

**जनस्वास्थ्य तथा पोषण**

६१. स्वस्थ नगरः सुरक्षित नगरबासी नारालाई मूर्त रूप दिन अहोरात्र खटिने महिला स्वयम् सेविकाको योगदानको उच्च सम्मान गर्दै नगरपालिका तथा वडा स्तरबाट समेत प्राथमिकताका साथ प्रोत्साहन र सम्मानका कार्यक्रम संचालन गरिनेछ।

६२. नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य कर्मचारीहरूहरूलाई क्षमता अभिवृद्धिका तालिम तथा कार्यक्रमहरूलाई निरन्तरता दिने तथा चक्रीय रूपमा सरूवा तथा पुरस्कारको को व्यवस्था मिलाउने तथा न्यायोचित हुनेगरी तलब वृद्धि गरिनेछ।

६३. गर्भवती महिलासँग नगर उपप्रमुख जस्ता प्रत्यक्ष संवाद कार्यक्रम, निःशुल्क एम्बुलेन्स सेवा र बालविवाह न्यूनीकरणका लागि 'बालिका विशेष सहयोग कार्यक्रम'हरूलाई निरन्तरता दिइनेछ।

६४. वडास्तरमा घुम्ती स्वास्थ्य शिविरहरू संचालन, स्वास्थ्य संस्थाहरूको संस्थागत सुधार तथा सदरमुकामबाट टाढा रहेका स्वास्थ्यर्मीहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

६५. नसर्ने रोहरू पहिचान र रोकथामका लागि समुदाय तथा विद्यालयहरूमा नियमित निरन्तर स्क्रीनिङ् कार्यक्रम साथै जनचेतनामूलक क्रियाकलाप संचालन गरिने छ।

६६. जेष्ठ नागरिक,दीर्घरोग लागेका नागरिकको घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रमलाई थप ब्यवस्थीत गरिदै बिशेषज्ञ स्वास्थ्य सेवामा पहुँच वृद्धि गरिने छ।

६७. स्वस्थ युवा स्वस्थ मन,नारायण नगरको सक्षम जन  कार्यक्रम संचालन गर्दै माध्यमिक विद्यालय स्तरमा धुम्रपान, मधपान, लागू पदार्थ न्युनिकरण रोकथाम र आधारभुत विद्यालयमा पत्रु खाना न्युनीकरण रोथामका लागि स्वास्थ्य शिक्षा शिक्षणका विशेष क्रियाकलाप बनाई संचालन गरिने छ।

६८. बालबालिकाको पोषण लेखाजोखा गरी जोखिममा रहेका बालबालिकालाई पोषण पुनस्थापना गराइनेछ,  पोषणमैत्री किशोर किशोरी स्वास्थ्य संस्थाहरू र विद्यालयहरूमा पोषण कर्नर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६९. पोषण बिशेष अभियान, खाद्य स्वच्छता सचेतना, बिषादी रहित खाना, उपभोक्ता आनीबानी परिवर्तन मुलक संचार अभियान संचालन गरिने छ।

७०. कोल्ड ड्रिङ्स, बजारिया तयारी पेय पदार्थ भन्दा दुग्ध पदार्थ उपभोगमा वृद्धिका लागि डेरी प्रवर्द्धन र दुग्ध पदार्थ सेवनबाट स्वास्थ्यमा सकारात्मक धारणा तुलनात्मक धारणाको विकास कार्यक्रम गरिने छ।

७१. स्वास्थ्य सेवा प्रदायकको क्षमता अभिवृद्धि तथा स्वास्थ्य संस्थाहरूमा सेवाग्राही सन्तुष्टि मापन, सार्वजनिक परीक्षण गर्दै सेवामा अधिकतम सुधार गरिने छ।

७२. आधारभूत स्वास्थ्य सेवा व्यवस्थित गरी सबै नागरिकलाई स्वास्थमा पहुँच सुनिश्चित गरिनेछ, विद्यालय स्तरमा विद्यालय नर्स कार्यक्रमलाई थप प्रभावकारी हुनेगरी संचालन गर्ने व्यवस्था मिलाइनेछ।

७३. पोषण अवस्थामा सुधार गर्न किसानको आलिदेखि उपभोक्ताको थालीसम्म रैथाने अर्गानिक खाना प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ। बालबालिकाको वृद्धि अनुगमनको लागि पोषण लेखाजोखा र २ बर्ष मुनिका स्वस्थ्य बच्चा प्रतियोगिता संचालन गरिने छ।

७४. बहुक्षेत्रीय पोषण योजना तेस्रो चरणको कार्यान्वयनलाई प्राथमिकता दिदै आगामी आर्थिक वर्ष भित्र कम्तीमा १ वडालाई पोषणमैत्री वडा घोषणाका लागि आवश्यक तयारी गरिनेछ।  साथै क्रमशः आगामी आर्थिक वर्षहरूमा सबै वडा घोषणा गरी पोषण मैत्री नगर घोषणाका लागि आवश्यक कार्य गरिनेछ।

**शिक्षा तथा खेलकुद**

७५. दश बर्षे नारायण नगर विद्यालय शिक्षा क्षेत्र योजना निर्माण भइसकेको छ, उक्त योजनालाई आवधिक योजना, नीति तथा कार्यक्रम र बजेट मार्फत् प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरी विद्यालयको भौतिक, प्राज्ञिक र शासकीय सुधारको क्षेत्रमा बजेट विनियोजन गरी पूर्णरूपमा कार्यान्वयन गरिनेछ।

७६. "हाम्रो नारायण नगरपालिकाः हाम्रो पहिचान" नामक स्थानीय पाठ्यक्रम निर्माण गरी आधारभूत तह कक्षा १–८ सम्म लागू गरिएको साथै पाठ्यपुस्तक लेखन कार्य जारी रहेको र उक्त पाठ्यपुस्तक यसै शैक्षिक सत्र २०८३ मा अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइनेछ।

७७. सामुदायिक विद्यालयमा लागू भइरहेको दिवाखाजालाई पोषणयुक्त बनाउनको लागि स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त रैथाने बाली  तथा उपजको उपयोग गरिनेछ।

७८. नगरपालिका भित्रका विद्यालयमा रहेका शिक्षकहरूको क्षमता विकास तथा सूचना प्रविधिमा पहुँच विस्तार गर्न शिक्षक प्रशिक्षण तथा क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ।

७९. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै सामुदायिक विद्यालयमा विद्यालयहरूमा कम्प्युटर फोकल शिक्षक तोक्ने व्यवस्था मिलाई कृत्रिम बौद्धिकता (Artificial Intelligence) सम्बन्धी क्षमता अभिवृद्धि तालिममा सहभागी गराइनेछ। साथै, सबै सामुदायिक विद्यालयहरूमा कम्प्युटर तथा प्रिन्टरको व्यवस्था गरिनेछ।

८०. संस्थागत तथा निजी विद्यालयहरूको शुल्क निर्धारणलाई राष्ट्रिय मापदण्ड भित्र रहने गरी अभिभावक भेला मार्फत् निर्धारण गरी पारदर्शी बनाउने नीति लिइनेछ। साथै, निजी विद्यालयका शिक्षकहरूलाई समेत एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) संचालन तथा अन्य क्षमता विकासका कार्यक्रममा सहभागी गराइनेछ।

८१. सार्वजनिक शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयको मर्जर, दरबन्दी मिलान गरी शिक्षा क्षेत्रमा भएको लगानीलाई दक्षतापूर्ण, मितव्ययी र उपलब्धिमूलक बनाइनेछ। प्रधानाध्यापकको छनौटमा मापदण्ड निर्धारण तथा कार्यसम्पादन करार गरी नतिजामा आधारित प्रोत्साहन प्रणालीमा आवद्ध गरिनेछ।

८२. विद्यार्थी शिक्षक अनुपात तथा उपलब्ध दरबन्दीका शिक्षकहरूको संख्यालाई मध्यनगर शैक्षिक सुधारका लागि नगर शिक्षक कार्यक्रम नवीन मोडालिटीका साथ कार्यान्वयन गरिनेछ।

८३. विद्यालयमा अध्ययनरत किशोर किशोरीहरूको लागि मनोवैज्ञानिक परामर्श, वृद्धि मार्ग निर्देशन (Career Guidance), अभिभावक शिक्षा जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ।

८४. विद्यालय बाहिर रहेका किशोरीहरूको स्थिति पहिचान गरी औपचारिक अध्ययनमा फर्काउने तथा उद्यम विकास तालिम र सीप विकास तालिम मार्फत उद्यमी बनाउन आवश्यक नगद अनुदान प्रदान गर्न दातृ निकायहरूसँग साझेदारी गरिनेछ।

८५. २०८३ बैशाख ०१ गतेसम्म आधारभूत शिक्षा (कक्षा ८) पूरा गर्ने अवस्था सुनिश्चित गर्न नगर तथा नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरूमा विद्यालयको नियमित अनुगमन, शैक्षिक उपलब्धि मूल्याङ्कन तथा पारदर्शी व्यवस्थापन प्रणाली लागू गरिनेछ। एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरिने छ।

८६. राष्ट्रिय तथा खेलकुद स्वास्थ्यका लागि खेलकुद, खेलकुदमा युवाको सहभागिता एवं खेलकुद प्रवर्द्धन गर्न अन्तर पालिका खेलकुद प्रतियोगिता तथा नगर प्रमुख कप संचालन गरिनेछ।

८७. युवा सूचना केन्द्र स्थापना, नमूना युवा संसद अभ्यास संचालन, युवा क्लबहरूको सुदृढीकरण गर्दै नेतृत्व, सामाजिक उत्तरदायित्व तथा स्वयंसेवा लगायतका कार्यक्रम संचालन गरिनेछ।

**वातावरण संरक्षण, जलवायु अनुकुलन, तथा विपद् व्यवस्थापन**

८८. नेपाल सरकारको सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न "एक घर, एक धारा" नीति अपनाई ८० प्रतिशत नागरिकहरूलाई स्वच्छ पानी पुऱ्याई सकिएको छ। आगामी आर्थिक वर्षभित्र शत प्रतिशत नागरिकहरूलाई स्वच्छ पानीको पहुँच सुनिश्चित गरिएको छ। नगरवासीका घरधुरीमा स्वच्छ र सुरक्षित खानेपानी पुऱ्याउन विपन्न नागरिकको खानेपानी महशुल छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

८९. साथै, सोको सेवालाई दिगो र भरपर्दो बनाउन पालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छताको लागि आवश्यक संस्थागत प्रबन्ध तथा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

९०. भौतिक पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा नै वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र संक्षिप्त वातावरणीय अध्ययन (BES) लाई अनिवार्य गरिनेछ। पूर्वाधार विकासका कारण पर्यावरणमा पर्ने असर न्यूनीकरण गर्न आयोजनाको कुल बजेटको ५ देखि १० प्रतिशत सम्म रकम वातावरण व्यवस्थापन योजना अन्तर्गत वृक्षारोपण, जैविक इन्जिनियरिङ

९१. जलवायु परिवर्तनका असरबाट श्रोतहरूमा परेको नकारात्मक प्रभावलाई कम गर्न पुनरभरण पोखरी निर्माण, वृक्षारोपण अन्य हरित पुर्वाधार जस्ता अभियान सञ्चालन गरि समावेशी, दिगो र जलवायु उत्थानशील प्राकृतिकस्रोत व्यवस्थापन प्रवर्द्धन गरिनेछ ।

९२. स्थानीय विपद् व्यवस्थापन समिति, वडा समितिहरू, विपद् सूचकहरू समेत सर्वपक्षीय स्रोत नक्सांकन सहितको विपद् प्रतिकार्य योजना तर्जुमा गरिनेछ।

९३. विपद र प्रकोपजन्य घटनाको समयमा तत्काल खोज ,उद्धार राहत कार्यमा निशुल्क एम्वुलेन्स,दमकल,व्याक हो लोडर सहितका आवश्यक सामाग्री व्यवस्थापन तथा परिचालन गरी आपतकालिन कार्य संचालन केन्द्र संचालन गरिनेछ ।

९४. स्थानीय विपद व्यवस्थापन कोषमा थप रकम विनियोजन गरी नगर उत्थानशीलता अभिवृद्धि गर्नुका साथै विपदबाट प्रभावित नागरिकको शीघ्र उद्दार तथा एकद्वार प्रणालीबाट राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९५. जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम (LACC) तथा एकीकृत जलस्रोत व्यवस्थापन (IWRM) कार्यक्रम मार्फत् खानेपानी तथा सिँचाई पूर्वाधारहरूलाई बहनशील बनाइनेछ। जलवायु उत्थानशीलता अभिवृद्धि गर्दै साझेदार संस्था र निजी क्षेत्र समेतको समन्वय,सहकार्यमा अनुकुलन परियोजना संचालन गरिनेछ ।

९६. अधिकांश नागरिक भान्सामा वन पैदावारवाट प्राप्त हुने उर्जामा निर्भर रहेकोमा वैकल्पिक उर्जा, सुधारिएको चुलो, इन्डेक्सन चुलो मार्फत् "स्वच्छ भान्साः स्वस्थ नागरिक" अभियानका रूपमा निरन्तरता दिइनेछ।

९७. नारायण नगरपालिकाद्रारा संचालित जलवायु परिवर्तन स्थानीय अनकुलन परियोजना नगरपालिकाका सवै क्षेत्रमा ठुला खानेपानी ताथा सरसफाई आयोजना सिंचाई तथा लिफ्टिङ खानेपानी आयोजना जलवायू उत्थानसिल तथा वातावरणमैत्री लगायत अन्य कार्यक्रमहरु संचालन गरिनेछ । साथै उक्त कार्यक्रमको माध्यमबाट एक घर एक धारा तथा एक टोल एक सिंचाई अभियानलाई कार्यान्वयनमा लगिनेछ।

९८. "हरित नगरः नारायण" नारा लिई वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवश्यक सुधाका लागि सूचकमा आधारित भई कार्यक्रमहरू संचालन गरिनेछ। प्रदुषकले तिर्नुपर्ने सिद्धान्त बमोजिम न्यायोचित शुल्क लिई फोहोरमैला व्यवस्थापन गर्ने, कुहिने तथा नकुहिने फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने, निजी क्षेत्रसँगको सहकार्यमा "फोहोरलाई मोहोर" को रूपमा व्यवस्थापन गरिनेछ।

९९. नगरपालिका भित्र रहेको बन क्षेत्रको संरक्षण तथा सामुदायिक वनहरूको व्यवस्थापनमा स्थानीय शासन संचालन ऐन तथा वन सम्बन्धी कानून बमोजिम सूचीकरण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिनेछ।

**सुशासन तथा सेवा प्रवाह**

१००. वित्तीय पारदर्शीता र जबाफदेहीता प्रवर्द्धनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तर्जुमा, आन्तरिक नियन्त्रण प्रणाली निर्माण, आन्तरिक लेखापरीक्षणलाई थप व्यवस्थित बनाउदै शुन्य बेरूजु नगरपालिका सुनिश्चित गर्नका लागि आवश्यक सुधार गरिनेछ।

१०१. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि श्रावण १ गतेदेखि नै लागू हुनेगरी वार्षिक खरिद योजना र एकीकृत कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी लागू गरिनेछ।

१०२. नगरपालिकाको कार्यसम्पादनलाई नतिजामा आवद्ध गर्न नगरप्रमुखसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखाप्रमुखहरूको कार्यसम्पादन करार गरी नतिजामा आधारित प्रोत्साहन (Performance Based Incentive) प्रणालीलाई आवद्ध गरिनेछ।

१०३. सुशासन तथा सदाचार प्रवर्द्धनका लागि तेस्रो पक्षमार्फत् सार्वजनिक सुनुवाई, आयोजनाहरूको जनलेखापरीक्षण, स्वास्थ्य संस्थाहरूको सार्वजनिक परीक्षण, नगरपालिकाको व्यवस्थापन परीक्षण, विद्युतीय हाजिरीको

१०४. स्थानीय सुशासनका लागि टोल विकास संस्था सशक्तिकरण गरी टोलको विकास हाम्रो प्रतिवद्धता,सक्रिय सहभागीता र पारदर्शिता,भन्ने वाक्यलाइ आत्मसाथ गदै टोल विकास संस्थाको माध्यमवाट विकास निर्माण लगायतका सामाजिक रूपान्तरणका क्षेत्रमा नागरिक सहभागीता सुनिश्चित गरी दिगो विकास लक्ष्य हासिल गर्ने नीति अवलम्वन गरिनेछ ।

१०५. स्थानीय सुशासनका लागि टोल विकास संस्था सशक्तिकरण कार्यक्रमलाइ निरन्तता दिदै ११ वटै वडामा गठित टोल विकास संस्थामा जलवायु अनुकुलन, फोहोरमैला व्यवस्थापन र विपद् व्यवस्थापन सम्बन्धी आधारभुत ज्ञान सिप र क्षमता विकास गरी अभियान संचालन गर्ने तथा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

१०६. सरकारी सूचना व्यवस्थापन प्रणालीहरू (SUTRA, PAMS, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा) पूर्ण रूपमा संचालन गरी विद्युतीय शासन प्रणाली प्रवर्द्धन गर्न आवश्यक उपकरणको व्यवस्था तथा क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ।

१०७. सेवाप्रवाहलाई थप सरलीकृत बनाउन एकीकृत सेवा प्रवाह प्रणाली संचालनका लागि आवश्यक पूर्वाधार तयार गरिने छ। च्याटबोट, पालिकाको सेवा प्रवाह पोर्टल निर्माणका साथसाथै "हेलो नारायण" गुनासो सुन्ने डिजिटल प्रणाली जडान गरिनेछ।

१०८. सेवाग्राहीमैत्री सेवाप्रवाहका लागि हेल्पडेस्क, सेवा प्राप्त गर्न लेख्नुपर्ने निवेदनको ढाँचा तयार गरिदिने तथा हेल्पडेस्कबाट आवश्यक सहयोग तथा परामर्श प्रदान गर्ने र टोल फ्री नं. प्रभावकारी ढंगबाट संचालन गरिनेछ।

१०९. बढ्दो उपभोक्ता मूल्य तथा कर्मचारीको मर्यादित जीवनयापनको आवश्यकतालाई मध्यनजर गर्दै हाल प्रदान गरिँदै आएको सुविधालाई समयानुकुल सेवा सुविधाको व्यवस्था गरिनेछ।

११०. नगरपालिकाले विज्ञहरूको सहभागितामा तयार गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण नगरपालिकाको आवश्यकता र प्राथमिकता बमोजिम छरितो र नतिजामुखी संगठन संरचना तयार गरी सूचिकरण गर्ने तथा प्रदेश लोक सेवा आयोगद्वारा पदपूर्तिको व्यवस्था मिलाइनेछ।

१११. बढ्दो उपभोक्ता मूल्य तथा कर्मचारीको मर्यादित जीवनयापनको आवश्यकतालाई मध्यनजर गर्दै हाल प्रदान गरिँदै आएको महँगी भत्तालाई निरन्तरता दिँदै तलब वृद्धि तथा कार्यसम्पादनमा आधारित प्रत्साहन प्रणाली लागू गरिनेछ। नगरपालिकाबाटै बाल विकास विद्यालय कर्मचारी तथा स्वास्थ्यकर्मी

**कराधारको विस्तार तथा आन्तरिक राजस्व अभिवृद्धिः**

११२. नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गर्दै स्वायत्तताको प्रवर्द्धनका लागि हालको कराधारमा विस्तार गर्ने गरी राजस्व सुधार कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वियन गरिनेछ।

११३. नगरपालिकासँग जोडिएका छामघाट तथा लोहोरे खोला, विभिन्न स्थानमा रहेका ढुँगाखानीहरूबाट हुने प्राकृतिक स्रोतहरूको उत्खननमा वातावरणीय प्रभाव न्यूनीकरण गर्दै आन्तरिक राजस्बको भरपर्दो स्रोतको रूपमा विकास गर्न नगरपालिकाबाट घाटगद्दी गरी बिक्री गर्ने व्यवस्था मिलाइनेछ।

११४. नागरिकहरूलाई करको भार घटाउन निर्मित संरचना(भवन, आवास गृह)हरूको मूल्यांकनमा ह्रासकट्टी गर्ने व्यवस्था लागू गरिनेछ।

११५. बहालकरलाई व्यवसाय दर्ता तथा नवीकरणमा आवद्ध हुनेगरी सेवाग्राही पटकपटक सेवालिन आउनुपर्ने अवस्थाको अन्त्य गर्नुका साथै व्यवसायिक प्रयोजन तथा व्यक्तिगत प्रयोजनका लागि लिइने बहालकरको दरलाई न्यायपूर्ण बनाउन आवश्यक कार्य गरिनेछ।

११६. उद्योग वाणिज्य संघसँगको सहकार्यमा कराधार संरक्षण, कर परिपालनामा जोड दिदै करदाता शिक्षा तथा उपभोक्ता अधिकार सम्बन्धी सचेतनामूलक तथा अभियानमूलक कार्यक्रमहरू संचालन गरिनेछ।

**साझा सङ्कल्प**

११७. विकासका यी बृहत् लक्ष्यहरू पूरा गर्नका लागि हाम्रो नगरभित्र उदाहरणीय र परिपक्व राजनीतिक संस्कार, राजनीतिक दलहरूबीचको साझा सहमति, र विकासप्रति आम नागरिकमा देखिएको अभूतपूर्व जागरण मुख्य शक्ति हुन्। साथै निजी क्षेत्रको

उत्साह, नागरिक समाजको सक्रियता, र हाम्रा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय विकास साझेदारहरूको दिगो साझेदारी नै नगरको समृद्धिका मुख्य खम्बा हुन्। यिनै सम्भावना र अवसरहरूको समुचित सदुपयोग गर्दै दीर्घकालीन र अल्पकालीन रणनीति मार्फत् नगरको समग्र रूपान्तरण प्रक्रियालाई अगाडि बढाइनेछ।

११८. नारायण नगरपालिकाको सामाजिक, आर्थिक र पूर्वाधार लगायतका क्षेत्रमा रूपान्तरणकारी परियोजनाहरूको जग कसरी बसाल्ने, नागरिकलाई गरिबी र परनिर्भरताको दुष्चक्रबाट कसरी मुक्त गर्ने, र स्थानीय सरकार एवं हाम्रा विकास साझेदारहरूको भूमिकालाई कसरी अझ बढी नतिजामुखी बनाउने भन्ने दूरगामी विषयहरूमा यस सम्मानित सभामा गहन मन्थन हुने र सभा पूर्ण रूपमा सफल हुने अपेक्षा मैले राखेको छु। आज यस गरिमामय सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट हाम्रा आम नगरवासीहरूको सामाजिक र आर्थिक जीवनस्तरमा आशातीत परिवर्तन आउने दृढ विश्वास मैले लिएको छु।

अन्त्यमा, नारायण नगरपालिकाको चौतर्फी विकास र सुशासनको यात्रामा निरन्तर मार्गदर्शन गर्ने सङ्घीय सरकार तथा कर्णाली प्रदेश सरकारप्रति म हार्दिक आभार प्रकट गर्दछु। साथै, हाम्रा स्थानीय प्राथमिकताहरूमा वित्तीय एवं प्राविधिक साझेदारी गरी नगरको सकारात्मक परिवर्तनमा अनवरत रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरू र यस पालिकासँग आवद्धता भई सहयोग गरिरहनु भएका गैरसरकारी संघ संस्थाहरू र निजी क्षेत्रको अमूल्य योगदानको म खुला हृदयले उच्च प्रशंसा गर्दछु। आगामी दिनहरूमा एकीकृत पहल र पारस्परिक साझेदारीको हातेमालो गर्दै अगाडि बढ्ने प्रतिवद्धता दोहोर्‍याउन चाहन्छु। समृद्ध नारायण नगर निर्माणको यो साझा सङ्कल्पलाई मूर्तरूप दिन रचनात्मक प्रयास, एकीकृत हातेमालो र पारस्पारिक साझेदारीको लागि सम्बद्ध सबैलाई हार्दिक अपिल गर्दछु।

**धन्यवाद।**

लोमन शर्मा

**नगर प्रमुख**

**नारायण नगरपालिका**